# हर्बल सामान उत्पादन गर्ने उद्योग

## परिचय

हर्बल सामान उत्पादन गर्ने उद्योगहरुले देश तथा बिदेशमा प्राकृतिक जडिबूटीमा आधारित स्वास्थ्यवर्धक बस्तुहरुको उत्पादन तथा आपुर्ति गरिरहेका छन् । हाल आएर जडिबूटीमा आधारित बस्तुहरुको माग बिदेशमा पनि निकै बढिरहेकोले यस्ता उद्योगहरु बिदेशी मुद्रा आर्जन गर्ने श्रोतको रुपमा समेत देखिएको छ । त्यसैले यस्ता उद्योगहरु देशमा बढदै पनि छन् । यस्ता उद्योगहरुबाट बन्य कच्चा पदार्थहरुको राम्रो उपयोग हुन गै बनको महत्वलाई उजागर गरेको छ भने ग्रामीण भेगमा तथा सहरमा पनि ठुलो रोजगारीको अवसर प्रदान गर्दै आएको सर्व विदितै छ । जडिबूटीमा आधारित हर्बल सामानहरु उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीहरुलाई यस विभाग वा मातहतका कार्यालयहरुबाट स्कीमको नमूना प्राप्त होस भन्ने आशयले यस विभागबाट स्कीम निर्माण गराइएको हो ।

विभिन्न प्रकारका हर्बल सामान उत्पादन गर्न आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजिएको छ । उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका दक्षता (इफिसियन्सी), उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन् । आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋण तथा ब्याजका बारेमा तथा बीमा (इन्सुरेन्स) प्रिमियमका बारेमा समेत सचेत रहन मदत गर्छ ।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर पूजी, चल खर्च तथा भै परिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ ।

अझै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र सक्रिय हुन पर्ने तथा वातावरण संरक्षणका आवश्यक उपायहरु अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ । यस स्कीममा उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ्य तथा सुरक्षा, तालीम तथा हुन सक्ने अग्नी तथा विद्युतीय आकस्मिक दुर्घटनाका बारे समेत समेटिएको छ ।

## हर्वल चिया उत्पादन प्रकृयाः

### केलाउने प्रकृया

आएको जडिबूटीहरुबाट चियाको लागी उपयुक्तलाई छुट्याउने ।

### धुने

केलाएर छुट्याइसकेका जडिबूटीहरुलाई पानीले राम्ररी पखाल्ने ।

### सुकाउन

धोएका जडिबूटीहरुलाई सफा ठाउमा राखी घाममा सुकाउने ।

### पिंध्ने

सुखिसकेको जडिबूटीहरुलाई पिंध्ने मसिनमा पिंस्ने ।

### चाल्ने

पिंसिसकेको जडिबूटीलाई खश्रो राम्ररी नपिंधिएकोलाई छुट्याउन चाल्नीको सहायताले चाल्ने ।

### केलाउन

चालीसकेको पिंधेको जडिबूटीमा यदि बाहिरी वस्तु रहेमा केलाइर निकाल्ने ।

### मिसाउने

यसरी राम्ररी केलाईसकेको जडिबूटीमा अरु पिंधिएका आवश्यक जडिबूटीहरु थपेर राम्ररी मिसाइन्छ । यस प्रकृयाको लागि मिसाउने मेसिन पनि प्रयोग गर्न सकिन्छ ।

### प्लाष्टिकमा भरने तथा तौलने

मिसाइसकेको हरवल चियालाई प्लाष्टिकको थैलीमा भरेर आवश्यक परिमाणको लागि तौलिने ।

### सिलिङ्ग गर्ने

प्लाष्टिकको थैलीमा भरेर निश्चित तौल भएको हरवल चियाको प्याकेटलाई सिलिङ्ग गर्ने ।

### लेवल लगाई प्याकिङ्ग गर्ने

हरवल चियाको प्याकेटमा लेवल लगाई सानो बट्टामा हाली कार्टुन बक्सामा प्याकिङ्ग गरिन्छ र बजारमा पठाइउने ।

हर्वल चिया उत्पादन प्रकृया प्रवाहः

| आगत (Input) | प्रकृया (Process) | निर्गत (Output) |
|---|---|---|
| कच्चा जडिबूटी<br>श्रम | केलाउने प्रकृया | बिग्रेको/काम नलाग्ने जडिबूटी<br>बाह्य पदार्थहरु |
| पानी<br>श्रम | धुने | मसीना जडिबूटीहरु<br>फोहर पानी |
| सुर्यको प्रकाश<br>श्रम | सुकाउने | बाफ<br>मसीना जडिबूटीहरु |
| बिजुली<br>श्रम | पिंध्ने | धुलो<br>ध्वनी प्रदुषण |
| श्रम | चाल्ने | धुलो, फ्युम |
| श्रम | केलाउने | बाह्य पदार्थहरु |
| अरु पिंधिएका जडिबूटीहरु<br>बिजुली<br>श्रम | मिसाउने | धुलो, फ्युम |
| प्लाष्टिकका ब्याग<br>श्रम | प्लाष्टिकमा भरने तथा तौलने | चिया पोखिने<br>बिग्रेका प्लाष्टिकका ब्याग |
| बिजुली<br>श्रम | सिलिङ्ग गर्ने | च्यातिएका प्लाष्टिकका ब्याग<br>चिया पोखिने |
| लेवल<br>प्याक गर्ने बट्टा र बाकस<br>श्रम | लेवल लगाई प्याकिङ्ग गर्ने | बिग्रेको लेवल<br>बिग्रेको प्याक गर्ने बट्टा र बाकस |

↓ तयारी हर्वल चिया

## हर्वल साबुन उत्पादन प्रकृया:

### पगाल्ने

नरिवलको तेललाइ आगो बालेर पगाल्ने ।

### चलाउँदै उमाल्ने

पग्लिएको नरिवलको तेलमा काष्टिक सोडा, पानी, सुगन्धित तेल र आवश्यक अरु जडिबूटीका रस हालेर राम्ररी चलाउदै उमाल्ने ।

### सांचोमा ढाल्ने

यसरी पकाईसकेको मिश्रणलाई लाम्चो आकारमा ल्याउन सांचोबाट पठाउने ।

### साइज मिलाएर काट्ने

यसरी लाम्चो आकारमा ल्याइएको मिश्रणलाई गितारको तारले साईज मिलाई काटी साबुनको आकारमा ल्याइउने ।

### छाप लगाउने

यसरी साईज मिलाई काटीसकेको साबुनमा उद्योगको चिन्ह सहितको छाप लगाउने ।

### -यापिङ्ग गर्ने

छाप लगाइसकिएको साबुनलाई -यापिङ्ग गर्ने कागजले मोडेर -यापिङ्ग गर्ने ।

### प्याकिङ्ग

-यापिङ्ग गरीएको साबुनलाई प्याकिङ्ग गर्ने कार्टुन बक्साहरुमा प्याकिङ्ग गरी बजारमा पठाउने ।

हर्वल साबुन उत्पादनको प्रकृया प्रवाह

| आगत (Input) | प्रकृया (Process) | निर्गत (Output) |
|---|---|---|
| नरिवलको तेल<br>दाउरा/पुराना रद्धी कागजका बक्सा<br>श्रम | पगाल्ने | तेल पोखिने<br>धुंवा, धूलो<br>खरानी<br>तापको खेर |
| काष्टिक सोडा<br>पानी<br>सुगन्धित तेल<br>अरु जडिबूटीका रस<br>ग्यास/दाउरा<br>श्रम | चलाउँदै उमाल्ने | पेखिएको बस्तु<br>वाफ तथा फ्यूम<br>फोहर पानी<br>धुवाँ<br>तापको खेर |
| श्रम<br>विजुली | सांचामा ढाल्ने | पेखिएको बस्तु<br>सांचामा नअटाएका बस्तु |
| गितारको तार<br>श्रम | साइज मिलाएर काट्ने | पेखिएको बस्तु<br>चुडिएको गितारको तार |
| श्रम | छाप लगाउने | अश्विकृत साबुन<br>साबुनका टुक्राहरु |
| -यापिङ्ग गर्ने कागज<br>श्रम | -यापिङ्ग गर्ने | बिग्रेको -यापिङ्ग गर्ने कागज<br>अश्विकृत साबुन |
| प्याकिङ्ग गर्ने कार्टुन बक्साहरु<br>श्रम | प्याकिङ्ग | बिग्रेका प्याकिङ्ग गर्ने कार्टुन बक्साहरु |

↓ तयारी हर्वल साबुन

# वातावरणीय पक्ष

## प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | बिग्रेका/काम नलाग्ने जडिबूटी, बाह्य पदार्थहरु, मसीना/धुलो भएका जडिबूटी, पोखिएर उपयोगमा ल्याउन नसकिने वस्तुहरु, च्यातिएका बिग्रेका प्याकिङ्ग गर्ने प्लाष्टिकका ब्याग तथा अरु सामानहरु, खरानी तथा पुनः प्रयोग गर्न सकिने खेर बस्तुको रुपमा निस्कन्छ। |
| २ | तरल खेर पदार्थ | जडिबूटी तथा उपकरणहरु धुंदा फोहर पानी निस्कन्छ। |
| ३ | ध्वनी प्रदुषण | पिंध्दा र अरु मेशिनहरुको संचालनबाट केही मात्रामा ध्वनी उत्पन्न हुन्छ। |
| ४ | वायु प्रदुषण | जडिबूटी  पकाउदा निस्कने धुँवा तथा पिंध्दा, चाल्दा निस्कने धुलो |

## रोकथामका उपायहरु

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | बिग्रेको तथा काम नलाग्ने जडिबूटीहरु पकाउदा बाल्न सकिन्छ वा मल बनाउन सकिन्छ। काम लाग्ने खेरहरु पुनः प्रयोगमा ल्याउन सकिन्छ। काम नलाग्ने र बिग्रेका तथा वहिश्कृत सामानहरु लाई पुन प्रयोग गर्नु पर्छ । |
| २ | तरल खेर पदार्थ | जडिबूटीहरु धुंदा र उपकरणहरु सफा गर्दा निस्कने फोहर पानीलाई एक खाडलमा जम्मा गरी खेत बारीमा प्रयोग गर्न पर्छ। |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको ब्यवस्था गर्न सकिने छ।<br>➢ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्न पर्छ।<br>➢ मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइने छ  जसले  गर्दा कम आवाज निस्कन्छ।<br>➢ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को  ब्यबस्था गरिन्छ।<br>➢ ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्न सकिन्छ। |
| ४ | वायु प्रदुषण | इन्धन खपत कम गर्न  र धुँवालाई कम गर्न सुधारिएको चुलो तथा सुधारिएको पकाउने भाँडो प्रयोगमा ल्याउनु पर्छ।<br>उत्पादन कक्षमा  एक्जष्ट फ्यान आदीको ब्यबस्थाले गर्दा प्रदुषीत बायु बाहिर जाने हुनाले वायु प्रदुषण न्यून गर्नु पर्छ। |

## सरसफाई

उद्योगबाट निस्कने खेर जाने ठोस पर्दाथ विग्रेको, काम नलाग्ने जडिबूटीहरु, पुनः प्रयोग गर्न सकिने तथा नसकिने टुक्राहरु र बिग्रेका तथा वहिश्कृत सामानहरु हुन् । काम लाग्ने जडिबूटीका खेरहरु तथा प्रकृयामा निस्केका वस्तुहरु पुनः प्रयोगमा ल्याउन सकिन्छ भने काम नलाग्ने र बिग्रेका तथा वहिश्कृत सामानहरु लाई पुनर चक्रन गर्न सकिन्छ । उत्पादन प्रकृयामा निस्कने फोहर पानीलाई खेतबारीमा प्रयोग गर्न पर्छ ।

- कारखाना मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गर्नु पर्छ ।
- उचित गृह सम्भार कार्य (Good House Keeping Practice) अपनाउनु पर्छ ।
- सकेसम्म प्रकृया निस्कने खेरलाई भईमा छरिनबाट रोक्नू पर्छ ।
- पकाउने र पखाल्ने प्रकृयामा पानी चुहिन बाट बचावट गरी प्रयोग गरिने पानी कम गर्नू पर्छ । ।

### कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गर्नु पर्छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि प्रत्येक ३ महिनामा स्वास्थ्य परिक्षणको ब्यबस्था गर्नु पर्छ ।

### ध्वनी प्रदुषण:

मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गर्नु पर्छ । जसले गर्दा मेशिन सचालन गर्दा कम्पन्न कम हुन्छ । मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाउनु पर्छ । जसले गर्दा कम आवाज निस्कन्छ । कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को ब्यबस्था गर्नु पर्छ । ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई छुट्टै कोठा भित्रमात्र संचालन गर्नु पर्छ ।

### ट्रेनिङ्ग:

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गर्नु पर्छ ।

### अग्नी तथा विधुतिय आकस्मिक घटनाः

अग्नी नियन्त्रण गर्न अग्नी निवारक सिलिण्डर कारखानामा राख्न प्राथमिकता दिनु पर्छ । विद्युतिय तार जडान विषेश होसियारी अपनाउन पर्छ ।